पत्र संख्या :-२०८३/०८४
च.नं. :- १

मिति :-२०८३/०४/०१

**विषयः आर्थिक वर्ष २०८३/०८४ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन।**

प्रिय सहकारीज्यू,

कोशी प्रदेश सभाबाट कोशी प्रदेश विनियोजन ऐन, २०८३ मिति २०८३/०३/२४ गतेका दिन पारित भई प्रमाणीकरण समेत भइसकेको व्यहोरा यहाँलाई अवगत नै छ। उक्त ऐन अनुसार आर्थिक वर्ष २०८३/०८४ का लागि तहाँ र अन्तर्गत निकायका लागि छुट्याइएको बजेट प्रचलित कानून बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने/गराउने समेतको जिम्मेवारी तपाईबाट समयमै पूरा हुने विश्वास लिएको छु। विनियोजित बजेटको कार्यान्वयन गर्दा प्राप्त स्रोतको अधिकतम उपयोग गर्दै खर्चमा मितव्ययिता, प्रभावकारिता, दक्षता र वित्तीय अनुशासन कायम गर्नुहुनेछ । बजेट निकासा तथा खर्च गर्दा कोशी प्रदेश विनियोजन ऐन, २०८३, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को अनिवार्य रुपमा परिपालना गर्न/गराउन कोशी प्रदेश विनियोजन ऐन, २०८३ को दफा ११ को उपदफा (४) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३१ को उपनियम (३) बमोजिम बजेट कार्यान्वयन मार्गदर्शन पठाएको छु ।

समग्र वित्तीय उत्तरदायित्व कायम गर्दै आर्थिक वर्ष २०८३/०८४ को बजेट कार्यान्वयन प्रभावकारी बनाउन देहायबमोजिम व्यवस्था गरिएको हुँदा सो बमोजिम गर्नु/गराउनु हुन अनुरोध गर्दछु ।

तपसिल:

### (क) अख्तियारी, कार्यक्रम स्वीकृति, बजेट बाँडफाँट र निकासा

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा समावेश भएका कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय

प्रदेश सचिव

र प्रदेश लेखा इकाई कार्यालयले बजेट कार्यान्वयन गर्ने सम्बन्धित निकायलाई बजेट निकासा गर्नेछ।

२. कोशी प्रदेश विनियोजन ऐन, २०८३ को दफा ४ को उपदफा (२) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ ।

३. कोशी प्रदेश विनियोजन ऐन, २०८३ को दफा ४ को उपदफा (३) बमोजिम कुनै एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा रकम विनियोजन भएको निकायको प्रमुखले विनियोजन भएको रकम खर्च गर्ने निकायलाई हासिल गर्नुपर्ने प्रतिफल तथा उपलब्धि सहित स्रोतगत बाँडफाँट गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश गर्न **२०८३ साल कार्तिक मसान्तभित्र** यस मन्त्रालयमा पठाउनु हुनेछ।

४. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको आयोजना/कार्यक्रमको नाम वा ठेगानामा भएको सामान्य त्रुटी संशोधन गर्नुपर्ने भएमा सम्वन्धित स्थानीय तह वा वडा कार्यालय र सम्बन्धित कार्यालयको दुई पक्षीय सहमतिमा आयोजना/कार्यक्रममा विनियोजित बजेटको लक्ष्य र उद्देश्यमा फरक नपर्ने गरी कार्यक्रम कार्यान्वयन गर्न लेखा उत्तरदायी अधिकृतले **कोशी प्रदेश विनियोजन ऐन, २०८३ को दफा ४ को उपदफा (७)** बमोजिम निर्णय गरी पठाएमा यस मन्त्रालयले कार्यक्रम संशोधन गरिदिन सक्नेछ। नाम वा ठेगाना संशोधन गर्ने कार्य पहिलो त्रैमासिकभित्र सम्पन्न गरी आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नु हुनेछ।

५. संघीय सशर्त, समपूरक र विशेष अनुदानका कार्यक्रममा विनियोजित रकम बाहेकका स्वीकृत कार्यक्रम प्रदेशका अन्य मन्त्रालय/निकाय अन्तर्गतका कार्यालयहरुबाट कार्यान्वयन गराउनुपर्ने भएमा शुरुमा रकम विनियोजन भएका मन्त्रालय/निकायका लेखा उत्तरदायी अधिकृतले कार्यान्वयन गराउनुपर्ने मन्त्रालय/निकायको सहमति प्राप्त गरी **कोशी प्रदेश विनियोजन ऐन, २०८३ को दफा ४ को उपदफा (१०) बमोजिम २०८३ फागुन मसान्त** भित्र अख्तियारी दिई कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

६. नेपाल सरकारबाट आर्थिक वर्षको बीचमा कुनै आयोजना/कार्यक्रम तोकी वा नतोकी थप निकासा प्राप्त भएमा कोशी प्रदेश विनियोजन ऐन, २०८३ को दफा ४ को उपदफा (११)

प्रदेश सचिव

बमोजिम सम्वन्धित विषयगत मन्त्रालयले बजेट बाँडफाट गर्ने निर्णय गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टि गर्ने व्यवस्था मिलाई कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

७. कुनै कार्यक्रम वा आयोजनामा फागुन मसान्तसम्म खर्च नभएमा वा बाँकी अवधिमा खर्च हुन सक्ने अवस्था नरहेमा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २३ को उपदफा (३) र कोशी प्रदेश विनियोजन ऐन, २०८३ को दफा (४) को उपदफा (८) बमोजिम लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम **२०८३ साल चैत्र १५** गतेभित्र यस मन्त्रालयमा समर्पण गर्नुपर्नेछ।

८. रकमान्तर, स्रोतान्तर, थप निकासा र कार्यक्रम संशोधन गर्नु परेमा प्रचलित कानून बमोजिम रकमान्तर, स्रोतान्तर, थप निकासा र कार्यक्रम संशोधन लगायतका प्रक्रिया पूरा गरी PLMBIS प्रविष्ट स्वीकृत भएपछि मात्र खरिद प्रक्रिया अगाडि बढाउनु हुनेछ।

९. विनियोजित बजेटको सीमाभित्रै रही बजेट (चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था समेत) को कार्यान्वयन गर्नुहुनेछ। प्राकृतिक प्रकोप, विपत्ति र विशेष अवस्थामा बाहेक कुनैपनि प्रकारका थप निकासालाई यस मन्त्रालयबाट सम्बोधन गरिनेछैन।

१०. आर्थिक वर्ष २०८३।०८४ को स्वीकृत बजेट तथा कार्यक्रममा कुनै आयोजना/कार्यक्रम/क्रियाकलापको नाम वा उद्देश्य एउटै भई प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा दोहोरो प्रविष्टि भएकोमा कुनै एउटा आयोजना/कार्यक्रम/क्रियाकलाप छनौट गरी दोहोरिएका अन्य आयोजना/कार्यक्रम/क्रियाकलाप रोक्का राखी भदौ मसान्तसम्म यस मन्त्रालयमा बजेट समर्पण गर्नु हुनेछ । यस प्रकारका दोहोरो परेका आयोजना/कार्यक्रम समर्पण नभएमा स्वतः समर्पण तथा फ्रिज भएको मानिनेछ ।

११. कोशी प्रदेश विनियोजन ऐन, २०८३ को दफा ४ को उपदफा (९) बमोजिम आर्थिक वर्ष २०८३।८४ को प्रदेश स्रोतबाट सञ्चालन हुने गरी विनियोजन भएको वा स्वीकृत कुनै आयोजना वा कार्यक्रमको एक पटक ठेक्का बन्दोबस्त भईसकेपछि बचत हुने रकमको पुनः ठेक्का लगाउन नपाईने र बचत हुने रकम सम्वन्धित निकायले तालुक मन्त्रालय मार्फत बजेट समर्पण गर्नु/गराउनु पर्नेछ । तर मानव स्वास्थ्य वा घरपालुवा पशुपंक्षीको स्वास्थ्य जस्ता अत्यावश्यक कार्यमा रकम खर्च गर्नु पर्ने भएमा यस मन्त्रालयको सहमति लिई उक्त रकम खर्च गर्नु हुनेछ ।

प्रदेश सचिव

**(ख) आयोजना वा कार्यक्रम हस्तान्तरण**

१२. कोशी प्रदेश विनियोजन ऐन, २०८३ को दफा ४ को उपदफा (१३) बमोजिम प्रदेश सरकार अन्तर्गत स्थापना वा गठन भएका बोर्ड, समिति, प्रतिष्ठान, आयोग, परिषद् वा यस्तै प्रकृतिका अन्य संस्थाले खाताबन्दी गरी प्रदेश सरकारबाट निकासा भएको रकम खर्च हुन बाँकी भएमा प्रदेश लेखा नियन्त्रक कार्यालयको समन्वयमा प्रदेश सरकारलाई **असार मसान्तभित्र** फिर्ता गर्ने व्यवस्था मिलाउनु हुनेछ।

१३. कोशी प्रदेश विनियोजन ऐन, २०८३ को दफा ७ को उपदफा (१) बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा **नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालय**को स्वीकृति लिई कार्यान्वयन गराउनु हुनेछ।

१४. कोशी प्रदेश विनियोजन ऐन, २०८३ को दफा ७ को उपदफा (३) बमोजिम प्रदेश सरकारको विषयगत मन्त्रालयको स्वीकृत बजेट तथा कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन गराउँदा लागत, दिगोपना र सेवा प्रवाहको प्रभावकारिताका दृष्टिकोणले उपयुक्त हुने भएमा सम्बन्धित मन्त्रालयले निर्णय गरी आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा २०८३ पुष मसान्त भित्र सम्बन्धित स्थानीय तहमा सशर्त हस्तान्तरण गर्ने निर्णय गरी PLMBIS अध्यावधिक गर्न पठाउनु हुनेछ। यसरी हस्तान्तरण हुने आयोजना/ कार्यक्रमको अनुदानका शर्तहरु तोकी कार्यान्वयनको अनुगमन/ मूल्याङ्कन हुने व्यवस्था समेत मिलाउनुहुनेछ।

**(ग) सशर्त, समपूरक र विशेष अनुदान कार्यान्वयन**

१५. नेपाल सरकारवाट सशर्त, समपूरक र विशेष अनुदान मार्फत सञ्चालन हुने वा हस्तान्तरण भएका आयोजना/ कार्यक्रमलाई पहिलो प्राथमिकता दिई कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

१६. स्थानीय तहमा सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने सम्वन्धमा आवश्यक मापदण्ड, मार्गदर्शन, निर्देशिका र कार्यविधि स्वीकृत गरी सम्वन्धित स्थानीय तहमा २०८३ साल श्रावण मसान्तभित्र नै उपलब्ध गराउने व्यवस्था मिलाउनु

प्रदेश सचिव

हुनेछ। साथै यस्ता आयोजनाहरुको नियमित त्रैमासिक प्रतिवेदन लिइ प्रदेश लेखा नियन्त्रक कार्यालयलाई समेत पठाउनु हुनेछ ।

१७. संघ वा प्रदेशबाट सशर्त अनुदान वापत् हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको कार्यक्रम वा आयोजनाका लागि प्राप्त भएको हो सोही कार्यक्रम वा आयोजनाको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमानसहितको कार्यायोजना, मासिक नगद प्रवाहको विवरण र अन्य विवरण साउन मसान्त भित्र प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयमा बुझाउनु पर्नेछ ।

१८. सशर्त, समपूरक र विशेष अनुदानमा राखिएको रकम तोकिएका कार्यको लागि मात्र खर्च गर्नुपर्ने छ। सशर्त अनुदानमा संचालित हुने आयोजना वा कार्यान्वयनका लागि द्विविधा पर्न गएमा यस मन्त्रालय र सम्बन्धित संघीय मन्त्रालयसँग समन्वय गर्नु हुनेछ।

१९. प्रदेश सशर्त अनुदानको प्रगति प्रत्येक त्रैमासिक सम्पन्न भएको **१५ दिनभित्र** अनिवार्यरुपमा यस मन्त्रालयमा पठाउनु हुनेछ।

**(घ) बजेट निकासा तथा बजेट कार्यान्वयन**

२०. बजेट वक्तव्यको बुदाँ नं. १५६ बमोजिम बजेटलाई समय सीमामा कार्यान्वयन गर्न आर्थिक वर्ष शुरु हुनु अगावै कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट कार्यान्वयन कार्ययोजना सम्बन्धित मन्त्रालय तथा अन्य निकायबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने व्यवस्था कार्यान्वयन भइ सकेको छ भन्ने विश्वास लिएको छु।

२१. "प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८" को दफा २१ को उपदफा (५) र "प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३४ बमोजिम कार्यसम्पादन सम्झौता गर्ने व्यवस्था श्रावण मसान्तभित्र मिलाउनु हुनेछ भन्नेमा विश्वश्त रहेको छु ।

२२. बजेट वक्तव्यको बुदाँ नं. १५८ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड सम्बन्धित मन्त्रालय तथा अन्य निकायले संशोधन वा नयाँ तर्जुमा गर्नुपर्ने भए यही **साउन मसान्तभित्र** अनिवार्य रूपमा सम्पन्न गरिसक्नु हुनेछ।

प्रदेश सचिव

२३. बजेट वक्तव्यको बुँदा नं. १५९ बमोजिम पूँजीगत खर्चको प्रभावकारिता अभिवृद्धि गर्न आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिभित्रै सम्पूर्ण आयोजना तथा कार्यक्रमको **खरिद योजना अनुरुप खरिद प्रक्रिया** सुरु गरिसक्नुपर्ने व्यवस्था पूर्ण रुपमा कार्यान्वयन गर्नु हुनेछ।

२४. बजेट वक्तव्यको बुदाँ नं. १६० को "दोस्रो त्रैमासिक अवधिसम्म पनि खरिद प्रक्रिया सम्पन्न नगर्ने मन्त्रालय, अन्य निकाय र मातहतका कार्यालयको बजेट रोक्का राखी समयमा कार्य सम्पादन गर्ने निकायमा रकमान्तर गरिनेछ" भन्ने व्यवस्थालाई मध्यनजर गरी सोहीबमोजिम आवश्यक व्यवस्था मिलाउनु हुनेछ ।

२५. बजेट वक्तव्यको बुदाँ नं. १६२ बमोजिम बहुवर्षीय आयोजनाको कार्यान्वयनलाई प्रभावकारी बनाउन कार्य प्रगतिका आधारमा बजेट थप हुने व्यवस्था मिलाइएको हुँदा सोही अनुरुप बहुवर्षीय आयोजना कार्यान्वयन प्रभावकारी बनाउनु हुनेछ।

२६. तोकिएको गुणस्तर, समय, र कार्ययोजना अनुरूप कार्यसम्पादन नगर्ने निर्माण व्यवसायीलाई प्रचलित कानुन बमोजिम कारवाही गर्ने व्यवस्था मिलाउनु हुनेछ। निर्धारित समय, लागत र परिमाणमा काम सम्पन्न गर्न र गुणस्तर कायम गर्न आयोजना प्रमुख तथा निर्माण व्यवसायीलाई परिणामप्रति जवाफदेही हुने प्रणालीको विकास गर्नु गराउनु हुनेछ।

२७. बिभिन्न कोषको संचालनका लागि वजेट विनियोजन गरिएको भएमा कोष सञ्चालन सम्वन्धि स्वीकृत कार्यविधि र मापदण्ड बमोजिम कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुहुनेछ।

२८. आम नागरिकको पहुँच बाहिर रहेका तथा निजी क्षेत्र र नाफामूलक संघ, संस्था तथा फर्म तोकेर बजेट विनियोजन भएको कुनै पनि कार्यक्रम/आयोजना कार्यान्वयन गर्नु हुनेछैन।

२९. आयोजना प्रमुख लगायत अन्य कर्मचारीहरूलाई स्पष्ट कार्य विवरण, मुख्य कार्यसम्पादन सूचकहरू, आवश्यक अधिकार एवं जिम्मेवारी र उत्तरदायित्वसहित आयोजनामा खटाउनु हुनेछ । यसरी कर्मचारी खटाउँदा कर्मचारीको योग्यता, क्षमता, अनुभव र आयोजना कार्यान्वयन गर्दा विगतमा हासिल गरेको उपलब्धिको अभिलेखलाई समेत आधार बनाउनु पर्नेछ । आयोजनामा खटिने कर्मचारीलाई आयोजनाको प्राविधिक पक्ष, कार्यान्वयन विधि, अपेक्षित प्रतिफल/उपलब्धि र अन्तर निकाय समन्वय लगायतका विषयहरूमा शुरुमै अभिमुखीकरण तालिम प्रदान गर्नु हुनेछ । आयोजना कार्यान्वयन गर्दा समयमै निर्णय नगरेका कारणले लागत बढ्न गएमा सम्बन्धित पदाधिकारीलाई जवाफदेही बनाउनु हुनेछ । तहाँ मन्त्रालयबाट समेत निरन्तर अनुगमन, पृष्ठपोषण र सहजीकरणसहित आयोजनालाई


प्रदेश सचिव

तोकिएको समय, गुण र लागतमा सम्पन्न गरी आयोजना व्यवस्थापनमा गुणात्मक परिणाम आउने वातावरण बनाइ दिनु हुनेछ ।

३०. आयोजना कार्यान्वयनमा ल्याउनु अघि प्रचलित कानूनमा तोकिए बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षणका कार्यहरू प्रचलित कानूनमा तोकिएको न्यूनतम सयम सीमा भित्र सम्पन्न गर्नु हुनेछ । सडक निर्माणको लागि बोलपत्र आव्हान गर्दा खानेपानी तथा ढल, विजुलीको पोल/तार व्यवस्थापन वा भूमिगत गर्ने समेतको काम एउटै प्याकेजमा समावेश गरी कार्यान्वयन गर्नु/गराउनु हुनेछ ।

३१. अनुदान सहायता र मागमा आधारित कार्यक्रममा विनियोजन भएको रकम कार्यविधि, मापदण्ड स्वीकृत गराएर मात्र कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ। साथै उल्लिखित कार्य गर्दा खुलारुपमा सार्वजनिक सूचना आह्वान गरी प्रस्ताव माग गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३२. बहुवर्षीय स्रोत सहमति दिइएका आयोजना सहमति प्राप्त मितिले ६ महिना भित्र ठेक्का नभएमा त्यस्तो स्रोत सहमति स्वतः खारेज हुने भएकाले उल्लेखित अवधिमा ठेक्का सम्झौता हुने व्यवस्था मिलाउनु हुनेछ । आर्थिक वर्ष २०८१।०८२ मा स्रोत सहमति दिइएका आयोजनाको हालसम्म ठेक्का नलगाएको वा ठेक्का प्रक्रियामा नगएको भए उक्त सहमति खारेज गरिएको छ।

३३. तहाँ मन्त्रालय/निकाय/कार्यालय अन्तर्गत निर्माण कार्य प्रारम्भ भएको लामो समयदेखि अधुरो रहेका आयोजनाको लगत निकाली उक्त आयोजनाहरु चालु आर्थिक वर्षमा सम्पन्न नहुने भएमा त्यस्ता आयोजना अध्ययन गरी खरिद प्रकृया टुंग्याउने प्रकृया अगाडि बढाउनु हुनेछ।

३४. बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा सम्भव भएसम्म स्वदेशी मालसामान तथा वस्तु उपयोग तथा खरिद गर्ने व्यवस्था मिलाउनु हुनेछ । प्रदेशस्थित सरकारी कार्यालय तथा सरकारबाट अनुदान प्राप्त भवन निर्माण गर्दा स्वदेशी काठको प्रयोग गर्ने गरी काठको काम (Wood work) लाई लागत स्टीमेन्टमा अनिवार्य समावेश गर्नु/गराउनु हुनेछ । सरकारी तथा सरकारबाट अनुदान प्राप्त सार्वजनिक कार्यालयहरुमा स्वदेशी काठबाट निर्मित फर्निचरहरुको प्रयोगलाई प्राथमिकता दिनु हुनेछ।

प्रदेश सचिव

३५. तोकिएको परिणाम, लागत, गुणस्तर र समयसीमा भित्र निर्माण कार्य सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाउनु हुनेछ । तोकिएको गुणस्तर कायम नगर्ने, समयभित्र काम शुरु नगर्ने, कार्ययोजना अनुरुप काम नगर्ने र काम सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कानुनबमोजिम कारवाही गर्ने व्यवस्था मिलाउनु हुनेछ । निर्धारित समय र लागतमा काम सम्पन्न गर्न र गुणस्तर कायम गर्न आयोजना प्रमुख तथा निर्माण व्यवसायीलाई उपलब्धिप्रति जवाफदेही हुने प्रणालीको विकास गर्नु/गराउनु हुनेछ ।

३६. कार्यक्रम/आयोजनाको भौतिक प्रगति र गुणस्तर हेरी सोका आधारमा मात्र भुक्तानी दिने व्यवस्था मिलाउनु हुनेछ। पहिलो त्रैमासिक निकासा/भुक्तानीको लागि भौतिक प्रगति आवश्यक पर्ने छैन। तर दोस्रो र तेस्रो त्रैमासिक निकासा/भुक्तानीका लागि सो अवधिसम्मको निर्धारित भौतिक प्रगतिको न्यूनतम ५० प्रतिशत प्रगति हासिल गरेको हुनु पर्नेछ । उक्त अवधि सम्म भौतिक प्रगति हासिल हुन नसकेमा सम्बन्धित आयोजना प्रमुखले कारण खुलाई भुक्तानीको लागि सिफारिस गर्न सक्नेछ।

## (ङ) बजेट खर्च, रकमान्तर र प्रतिवेदन

३७. कोशी प्रदेश विनियोजन ऐन, २०८३ को दफा ५ को उपदफा (२) को खण्ड (ग) बमोजिम तलब, भत्ता जस्ता अनिवार्य दायित्व र यस मन्त्रालयको सहमति प्राप्त गरेको बहुवर्षीय आयोजना/कार्यक्रम बाहेक सम्बन्धित आयोजना/कार्यक्रमको **सुरु विनियोजन रकमको शत प्रतिशत भन्दा बढी रकमान्तर थप गर्न नमिल्ने** हुँदा सो व्यवस्थाको पालना गर्नु हुनेछ ।

३८. कोशी प्रदेश विनियोजन ऐन, २०८३ को दफा ५ को उपदफा (२) को खण्ड (घ) बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति प्राप्त गरेको बहुवर्षिय आयोजना/कार्यक्रममा विनियोजन गरिएको रकम अन्य बहुवर्षीय आयोजना/कार्यक्रम बाहेक अन्यत्र रकमान्तर गर्न नपाइने हुँदा यसरी रकमान्तर हुने गरी प्रस्ताव गर्नु हुनेछैन ।

३९. कोशी प्रदेश विनियोजन ऐन, २०८३ को दफा ५ को उपदफा (२) को खण्ड (ङ) बमोजिम एक पटक रकमान्तर घटाई सकिएको आयोजना/कार्यक्रममा पुनः रकमान्तर गरी बजेट थप गर्न प्रस्ताव गर्नु हुनेछैन।

४०. कोशी प्रदेश विनियोजन ऐन, २०८३ को दफा ५ को उपदफा (२) को (च) बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति प्राप्त गरेको बहुवर्षीय आयोजना वा

प्रदेश सचिव

कार्यक्रममा विनियोजित रकम **२०८३ फागुन मसान्त** अगाडि रकमान्तर गरी घटाउनु हुनेछैन।

४१. कोशी प्रदेश विनियोजन ऐन, २०८३ को दफा ५ को उपदफा (५) बमोजिम तलव, भत्ता जस्ता अनिवार्य दायित्व व्यवस्थापन, बहुवर्षीय आयोजना वा कार्यक्रमको दायित्व व्यवस्थापन, विपद्/महामारी र अत्यावश्यक अवस्थामा बाहेक **२०८४ जेठ २०** पश्चात् रकमान्तर वा स्रोतान्तर प्रस्ताव गर्न पाइने छैन।

४२. कोशी प्रदेश विनियोजन ऐन, २०८३ को दफा ५ को उपदफा (६) बमोजिम लेखा उत्तरदायी अधिकृतले रकमान्तर गर्दा नयाँ आयोजना थप वा थप गर्न प्रस्तव गर्नु हुनेछैन।

४३. विषयगत मन्त्रालय/निकायले स्वीकृत रकम एक बजेट उपशीर्षकबाट अर्को बजेट उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा रकमान्तर गर्नु परेमा घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा विनियोजित बजेट रोक्का राखेको स्वघोषणा गरी रकमान्तर प्रस्ताव गर्नु हुनेछ।

४४. कुनै क्रियाकलापमा निकासा वा रकमान्तरबाट थप भएको रकम पुनः अन्य क्रियाकलापमा सार्न वा रकमान्तर गर्न नपाउने व्यवस्था मिलाउनु हुनेछ।

४५. तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, संचार महसुल र घर भाडामा आगामी वर्षको लागि दायित्व नसर्ने गरी मितव्ययी रुपमा खर्च व्यवस्थापन गर्नु/गराउनु हुनेछ। सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता बापतको रकम भुक्तानी गर्नु हुनेछ। नेपाल सरकार, अर्थ मन्त्रालयबाट निर्धारण भएको तलब स्केल अनुसार भुक्तानी खर्च लेख्नु हुनेछ । स्वीकृत दरबन्दीमा रहेर मात्र सेवा करारका कर्मचारीहरुको व्यवस्थापन गर्नु हुनेछ।

४६. प्रदेश कोष वा विनियोजित रकमबाट खर्च लेख्ने गरी कुनै कर्मचारी वैदेशिक भ्रमण गर्दा नेपाल सरकारबाट स्वीकृत वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिकाको अधिनमा रही मितव्ययिता कायम गर्न तथा यस मन्त्रालयको पूर्व सहमति समेत लिनु हुनेछ।

४७. स्रोत सहमति तथा अन्य कारणबाट सिर्जित दायित्वको यथार्थ विवरण तयार गर्नु हुनेछ। यसअघि यस मन्त्रालयबाट स्रोत सहमति भएका आयोजनाको कुल लागत, ठेक्का रकम, हालसम्मको खर्च, ठेक्का सम्झौता मिति, सम्पन्न गर्नुपर्ने मिति लगायतको आवश्यक विवरण

प्रदेश सचिव

मन्त्रालयगत बजेट सूचना प्रणालीमा २०८३ असोज मसान्त भित्र अनिवार्य रुपमा प्रविष्ट गर्नु हुनेछ।

४८. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ७४ बमोजिम आर्थिक वर्ष समाप्त भएको २१ दिनभित्र वार्षिक आर्थिक विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय/प्रदेश लेखा ईकाइ कार्यालयमा पेश गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४९. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५८ को व्यवस्था अनुसार प्रचलित कानून बमोजिम सम्बन्धित कार्यालयले तयार गर्नु पर्ने वित्तीय प्रतिवेदनहरु त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्ने व्यवस्था मिलाउनु हुनेछ।

## (च) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमनसम्बन्धी व्यवस्था

५०. आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा अनिवार्य रुपमा यस मन्त्रालयको सहमति लिएर मात्र प्रकृया अगाडि बढाउनु हुनेछ। यसरी सहमति नलिई गरिएका कार्यबाट सिर्जित हुने आर्थिक दायित्वको व्यवस्थापन यस मन्त्रालयबाट हुनेछैन।

५१. आयोजना/कार्यक्रमको विस्तृत क्रियाकलाप, सम्पन्न गर्नुपर्ने अवधि र लागत, उपलब्धिसूचक र जिम्मेवार कर्मचारी सहितको बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को अनुसूची-१२ को ढाँचामा स्वीकृत गरी सम्बन्धित मन्त्रालयको वेबसाइटमार्फत् सार्वजनिक गर्नु हुनेछ।

५२. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३९ अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, यस मन्त्रालय र प्रदेश योजना आयोगको प्रतिनिधिलाई समेत आमन्त्रण गरी त्रैमासिक एवम् वार्षिक प्रगति समीक्षा गर्नु हुनेछ।

५३. निर्धारित समय र लागतमा कार्य सम्पन्न गर्ने, कार्यको गुणस्तर कायम गर्ने र निर्णयकर्ता तथा कार्यान्वयनकर्ता परिणामप्रति जवाफदेही हुने प्रणालीको विकास गर्नु/गराउनु हुनेछ।

५४. सबै खर्च व्यवस्थापनका प्रक्रियालाई विधिसम्मत बनाई शून्य बेरुजु कायम हुने गरी बजेटको प्रभावकारी कार्यान्वयन र अनुशासन कायम गर्नु गराउनु हुनेछ। कायम हुन आएको बेरुजुलाई समयमै फछ्र्यौट गर्ने कार्यलाई उच्च प्राथमिकता दिनु हुनेछ । साथै बेरुजु

प्रदेश सचिव

फस्यौटको कार्य स्थायी दरबन्दी भित्रका जनशक्तिबाट सम्पन्न गर्ने, गराउने र सोका लागि करारमा थप जनशक्ति लिनु हुनेछैन।

५५. त्रुटिपूर्ण डिजाईन र स्पेशिफिकेशन तयार गरी अस्वभाविक लागत तथा दायित्व बढ्न गएमा सम्बन्धित पदाधिकारीलाई जवाफदेही बनाउनु हुनेछ।

५६. सरकारी कार्यालयलाई भवन आवश्यक भएमा सम्भव भएसम्म खाली भएका सरकारी भवनलाई प्राथमिकताका साथ प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्नेछ। सरकारी भवन व्यवस्था हुन नसकेमा कार्यालय प्रयोजनको लागि प्रमुख मार्ग तथा सघन शहरी क्षेत्र भित्र घर बहालमा नलिई न्यूनतम आवश्यकता एवम् सुविधा भएको घर लिनु हुनेछ।

५७. प्रदेशबाट संचालन हुने सभा, सम्मेलन, तालिम, गोष्ठी, अन्तरक्रिया आदि सञ्चालन गर्दा सम्भव भएसम्म सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५८. कार्यालयमा रहेका जनशक्तिको अधिकतम उपयोग गरी कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५९. बाह्य निकाय/संस्था/व्यक्तिबाट परामर्शदाता नियुक्ति गरी कार्यसम्पादन गराउने प्रवृत्तिलाई निरुत्साहित गर्नु हुनेछ। विद्यमान जनशक्तिबाट सम्पादन हुने कार्यमा एवम् ऐन, कानून निर्देशिका लगायतको कानून तर्जुमा गर्ने कार्य परामर्शदाताबाट गराउनु हुनेछैन। सरकारी खर्चमा शुभकामना संदेश वा कार्ड, डायरी, पुस्तिका लगायतको प्रकाशन वा प्रसारण गर्नु हुनेछैन।

६०. निर्माण कार्यस्थलमा सो कामसँग सम्बन्धित विवरणहरू (आयोजनाको नाम, लागत, कार्य शुरू भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अंक, निर्माण व्यवसायीको नाम तथा ठेगाना, आयोजना सञ्चालन गर्ने निकायको जिम्मेवार व्यक्ति र सम्पर्क मोवाइल नम्बर आदि) सर्वसाधारणले देख्न सक्ने गरी राख्ने व्यवस्था मिलाउनु पर्नेछ। साथै निर्माण सम्पन्न पूर्वाधारहरुमा **"कोशी प्रदेश सरकारद्वारा निर्मित"** भन्ने स्थायी प्रकृतिको सूचना लेखी सबैले देख्नेगरी राख्न लगाउनु हुनेछ।

६१. सूचनाको हक सम्वन्धी ऐन, २०६४ अनुसार गर्नु पर्ने प्रकाशन, सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण नियमित रुपमा गर्ने, गराउने व्यवस्था मिलाउनु हुनेछ।

प्रदेश सचिव

६२. प्रदेश सरकारबाट स्वीकृत सार्वजनिक खर्चको मापदण्ड, मितव्ययिता सम्वन्धी निर्देशिकाको कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ। प्रचलित कानूनमा तोकिएका समिति, कार्यदलको बैठकका लागि मात्र बैठक भत्ता प्रदान गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ।

६३. यस मन्त्रालयको सहमति नलिई थप आर्थिक दायित्व सिर्जना हुने गरी कुनै पनि निकायसँग सम्झौता गर्नु, गराउनु हुनेछैन।

६४. विनियोजित रकमभन्दा बढी रकमको आयोजना वा कार्यक्रम स्वीकृत गर्ने वा ठेक्का लगाउने वा खरिद प्रक्रिया प्रारम्भ गर्ने कर्मचारीलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५७, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५९ बमोजिम सम्बन्धित अधिकारीले कारवाही गर्ने व्यवस्था मिलाउनु हुनेछ।

६५. यस मन्त्रालयले बजेट कार्यान्वयनको स्थिति र प्रस्तुत बजेट कार्यान्वयन मार्गदर्शन अनुरुप कार्य भए नभएको निरन्तर अनुगमन गर्नेछ। यस प्रकारका अनुगमनमा आवश्यक सहजीकरण गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ ।

६६. नियमित जिन्सी निरीक्षण गरी सो को विद्युतीय तथा अन्य अभिलेख व्यवस्थापन गर्नु हुनेछ । पुराना तथा लिलामी गर्नु पर्ने सामानहरु समयमै लिलाम गर्ने कामलाई कार्यसम्पादनको अभिन्न भाग बनाउनु हुनेछ । बरबुझारथ नगरी कुनै पनि कर्मचारीलाई रमाना वा पेन्सन लगायतका सुविधाहरु उपलब्ध गराउनु हुने छैन ।

६७. सरकारी सम्पत्तिको मितव्ययी र अधिकतम उपयोग हुने गरी आवश्यक व्यवस्थापन र जिम्मेवारी तोक्नु हुनेछ । उपयोग नहुने र अनावश्यक भण्डारण मात्रै हुने गरी सामग्री खरीद गर्ने कार्यलाई तत्कालै रोक्नु हुनेछ । सरकारी स्रोत साधनलाई बजेट तथा सरकारी नीति कार्यान्वयनको प्रभावकारी माध्यमको रुपमा प्रयोग गर्न गराउन लगाउनु हुनेछ ।

६८. सबै सरकारी सवारी साधन तथा स्थायी सम्पत्तिको पूर्ण बीमा अनिवार्यरुपमा गराउनु हुनेछ ।

६९. बजेट कार्यान्वयन सम्वन्धि मार्गदर्शन जारी भएको ७ दिनभित्र तहाँ मन्त्रालय/ सचिवालय/ आयोग/ कार्यालयबाट सम्वन्धित कार्यालयमा बजेट कार्यान्वयन मार्गदर्शन पठाइसक्नु हुनेछ।

७०. संवैधानिक निकायबाट समय समयमा जारी भएका भएका सुझाव तथा मार्गदर्शन समेतलाई कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ।

प्रदेश सचिव

# कोशी प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
## विराटनगर

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
श्री प्रदेश लोक सेवा आयोग,
श्री उद्योग, कृषि तथा सहकारी मन्त्रालय,
श्री खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय,
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
श्री पर्यटन, वन तथा वातावरण मन्त्रालय,
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय,
श्री सामाजिक विकास मन्त्रालय,
श्री स्वास्थ्य मन्त्रालय,
श्री प्रदेश योजना आयोग,
श्री मुख्य न्यायाधिवक्ताको कार्यालय

(कोशहरि निरौला)
प्रदेश सचिव

संलग्नः
क) कोशी प्रदेश विनियोजन ऐन, २०८३ - १ प्रति

<u>बोधार्थः</u>
श्री महालेखा परीक्षकको कार्यालय, अनामनगर, काठमाण्डौं।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बिराटनगर
श्री प्रदेश योजना आयोग, बिराटनगर
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, सबै महाशाखाहरू।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर